पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ५ पोखरा खण्ड : ५६ प्रमाणित मिति: २०७८ माघ २६ गते

## भाग २

## न्युनतमा समर्थन मूल्यमा कृषि उपज खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी २०७८

# न्युनतमा समर्थन मूल्यमा कृषि उपज खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी २०७८

**प्रस्तावना** : बढ्दो लागत, आयतित वस्तुसँगको प्रतिस्पर्धा आदिका कारण यस पालिकाभित्र मूख्य उत्पादन सिजनमा उत्पादित वस्तुहरुको उत्पादन लागत भन्दा कम मूल्यमा बिक्री वितरण गर्न परेको अवस्था रहेको छ। कृषकहरुलाई कृषि उत्पादनको उचित मूल्य सहित बजार सुनिश्चित कायम गरी स्थानीय कृषक तथा उत्पादनको संरक्षणको साथै थप प्रोत्साहन गर्नको लागि पोखरा महानगरपालिकाले निर्धारण गरेको मूल्यमा कृषकबाट स्थानीय कृषि उपज खरिद गर्ने व्यवस्था गरी न्यूनतम समर्थन मूल्यको कार्यन्वयन सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

पोखरा महानगरपालिकाको कृषि ऐन २०७७ को परिच्छेद २ को दफा ३ अन्गर्तत कृषि व्यवसाय प्रवर्द्धन गर्न तथा कृषकको नोक्सान कम गर्न मुख्य कृषि तथा पशु बालीको न्युनतम समर्थन मूल्य तोकी खरिद तथा संचय गरी उपलब्ध गराउने उद्देश्य अनुसार दफा ३७ ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिकाले देहायको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम न्युनतम समर्थन मूल्यमा कृषि उपज खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७८, रहेको छ ।

२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागनेमा यस निर्देशिकामा

(क) “**प्रमुख**” भन्नाले नगर कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) “**उप प्रमुख**” भन्नाले नगर कार्यपालिकाको उप-प्रमुख सम्झनुपर्छ ।

(ग) “**कृषि**” भन्नाले अन्नवाली, दलहन, फलफूल, तरकारी, मसला तथा नगदेबाली, पशुपालन, माछापालन, मौरीपालन निजी तथा करार गरिएका जग्गामा गरिएका घाँस तथा डाले रुख

एवं जडिबूटीको खेती र तिनको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरणलाई सम्झनु पर्छ ।

(घ) “**उत्पादक**” भन्नाले कृषिवस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्दछ ।

(ङ) “**कृषक**” भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्दछ ।

(च) “**अनुदान**” भन्नाले नगरपालिकाले कृषि क्षेत्रका विकासको लागि नगरपालिकाबाट कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान, कार्यक्रम अनुदान र पुँजीगत अनुदान समेतलाई जनाउनेछ ।

(छ) “**कार्यपालिका**” भन्नाले पोखरा महानगरपालिका नगरकार्यपालिका सम्झनुपर्दछ

(ज) “**प्रमुख प्रशासकीय अधिकृत**” भन्नाले पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(झ) “**वडा**” भन्नाले महानगरपालिकाको वडा सम्झनुपर्दछ ।

(ञ) “**उत्पादक**” भन्नाले कृषि उपज उत्पादन गर्ने कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह, वा कृषि सहकारी सम्झनुपर्दछ ।

(ट) “**निर्देशक समिति**” भन्नाले दफा १६ बमोजिमको निर्देशक समिति सम्झनुपर्दछ ।

(ठ) “**न्यूनतम समर्थन मूल्य**” भन्नाले कृषकको उत्पादन लागत तथा अन्य लागत जोडी पोखरा महानगरपालिकाले निर्धारण गरेको समर्थन मूल्य सम्झनुपर्दछ ।

(ड) “**महाशाखा**” भन्नाले पोखरा महानगरपालिका आर्थिक बिकास महाशाखा भन्ने बुझ्नुपर्दछ ।

(ढ) “**शाखा**” भन्नाले कृषि बिकास शाखा, पशु सेवा शाखा तथा

सहकारी शाखा सम्झनुपर्दछ ।

(ण) **"सूचिकृत संस्था"** भन्नाले पोखरा महानगरपालिकामा दर्ता भई यस निर्देशिकाको दफा ४ बमोजिम सूचिकृत संस्थालाई सम्झनु पर्दछ ।

३. **विभिन्न संस्थाहरुलाई सूचिकृत हुनको लागि सूचना प्रकाशन गर्ने :**

१) पोखरा महानगरपालिका आर्थिक बिकास महाशाखाले उत्पादक बाट न्युनतम समर्थन मूल्यमा यस पालिकाभित्र उत्पादन भएको कृषि उपज खरिद गर्न चाहाने सहकारी, किसान बजार, कृषि उपज संकलन केन्द्र, कृषि उपज खरिद बिक्री केन्द्र, साझेदार कृषि बजार जस्ता संस्थाहरुलाई सुचिकृत हुनको लागि १५ दिनको अवधि दिई कृषि उपजको खरिद सिजन शुरु हुनु भन्दा अगाडि सूचना प्रकाशन तथा प्रसारण गर्नुपर्नेछ ।

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक बर्ष अवधिका बिभिन्न पटक सूचना प्रकाशन गरी सूचिकृत गर्न सकिनेछ ।

४. **निवेदन दिई सूचिकृत हुनु पर्ने :**

(१) दफा ३ बमोजिमको सूचना प्रकाशन भएपछि उत्पादक बाट न्युनतम समर्थन मूल्यमा खरिद गर्न चाहने संस्थाले देहायको विवरण खुलाई यो सूचनामा तोकिएको अवधि भित्र महाशाखामा सूचिकरणको लागि आवेदन दिनु पर्नेछ ।

१) सहकारी संस्था, किसान बजार, कृषि उपज संकलन केन्द्र, कृषि उपज खरिद बिक्री केन्द्र, साझेदारी बजारको नाम र ठेगाना
२) संस्थाको कार्यक्षेत्र
३) खरिद गर्न चाहेको कृषि उपज र परिमाण
४) खरिद गर्न चाहेको क्षेत्र वडा वा टोल समेत खुलाउने
५) खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको स्रोत

६) भण्डारण सम्बन्धी व्यवस्था

७) खरिद, ढुवानी, भण्डारण, प्रशोधन तथा बजार व्यवस्थापन सम्बन्धी बिबरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी बिवरण

८) खरिदको बिक्रीको लागि आवश्यक पर्ने अन्य विवरण

(२) उपदफा १ बमोजिम दिइने निवेदन साथ संस्था दर्ता तथा नविकरणको प्रमाणको प्रतिलिपी तथा आवश्यक अन्य कागजातको प्रतिलिपी समेत संलग्न गर्नु पर्नेछ ।

(३) महाशाखाले उपदफा १ बमोजिम प्राप्त निवेदनको आधारमा कृषि उपज खरिद गर्ने संस्थाको दफा ३ बमोजिम प्रकाशन भएको सूचनाको अवधि समाप्त भएको मितिले सात दिन भित्र छनौट गरी सूचिकरण गर्नुपर्नेछ । त्यसरी सूचिकृत संस्थाको नाम र ठेगाना सहितको विवरणको सूचना सार्वजनिक गर्नु पर्नेछ ।

**५. कृषि उपज खरिदको लागि क्षेत्र निर्धारण गर्ने :**

(१) महाशाखाले सूचिकृत संस्थाहरुलाई खरिद गर्ने कृषि उपज र पायक पर्ने वडाहरुको आधारमा कार्यक्षेत्र निर्धारण गर्नेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै एक सूचिकृत संस्थाले निर्धारण गरिएको कार्यक्षेत्रबाट कृषि उपज खरिद गर्न नसकेको अवस्थामा सोही कार्यक्षेत्रको वा सो कार्यक्षेत्रभन्दा बाहिर कार्यक्षेत्र भएको अर्को सूचिकृत संस्था लाई समेत त्यस्तो क्षेत्रको कृषि उपज खरिद गर्न सक्ने गरी महाशाखाले कार्यक्षेत्र निर्धारण तथा संशोधन गरिदिन सक्नेछ ।

(३) महाशाखाले यस दफा बमोजिम कार्यक्षेत्र निर्धारण गरेको जानकारी सम्बन्धित संस्था र कार्यक्षेत्रभित्र पर्ने वडा कार्यालयलाई दिनुपर्नेछ ।

**६. उत्पादकको विवरण संकलन गर्ने :**

(१) महाशाखाले न्युनतम समर्थन मूल्यमा आफनो उत्पादन बिक्री गर्न चाहने उत्पादकलाई बार्षिक उत्पादन योजना तथा कृषि उपजको अनुमानित परिमाण सहित प्राप्त हुने गरी सार्वजनिक सूचना मार्फत सूचिकृत गर्नुपर्नेछ ।

(२) महाशाखाले सूचिकृत संस्थालाई उपदफा (१) बमोजिम प्रकाशित सूचना बमोजिम प्राप्त उत्पादकको विवरण तथा खरिद गर्नुपर्ने उपजको अनुमानित परिमाणको बिवरण उपलब्ध गराउनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कृषकको उत्पादन बिक्री बितरणमा समस्या आएको गुनासो आएमा र फिल्ड निरिक्षण गर्दा उपयुक्त देखिएमा पहिलो पटकको लागि सूचिकृत नभए पनि उक्त बस्तु खरिद गर्न बाधा पर्ने छैन ।

७. **उत्पादकको इच्छा अनुसार हुने** : यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफूले उत्पादन गरेको कृषि उपजको न्युनतम समर्थन मूल्यमा बिक्री गर्ने वा नगर्ने वा कसलाई बिक्री गर्ने भन्ने सम्बन्धमा सम्बन्धित उत्पादकको इच्छा अनुसार हुनेछ ।

८. **कृषि उपज खरिद गर्नुपर्ने** :

(१) सूचिकृत भएका संस्थाले दफा ५ बमोजिम निर्धारित कार्यक्षेत्रका उत्पादकको कृषि उपज न्युनतमा समर्थन मूल्यमा खरिद गर्नुपर्नेछ । तर न्युनतम समर्थन मूल्य भन्दा बढी मूल्यमा खरिद गर्न बाधा पर्ने छैन । तर सो भन्दा कम मूल्य दिएर खरिद गर्न पाइने छैन ।

(२) उपदफा १ को प्रयोजनको लागि सूचिकृत संस्थाले सम्बन्धित क्षेत्रको कृषि उपज खरिद गरिने मिति, खरिदको लागि निर्धारित स्थल वा केन्द्र र त्यसरी खरिद गरिएको कृषि उपजको खरिद मूल्य, भुक्तानी हुने समय र विधि सम्बन्धित सबैलाई जानकारी गराउनुपर्नेछ ।

९. **कृषि उपजको गुणस्तर र मूल्य** : कृषि उपजहरु तथा सो को गुणस्तर र मूल्य नगर कार्यपालिकाले तोकिएअनुसार हुनेछ ।

१०. **उत्पादकलाई रकम भुक्तानी गर्ने** :

(१) सूचिकृत संस्थाले उत्पादकबाट उत्पादित कृषि उपज प्रत्यक्ष रुपमा खरिद गरी त्यसरी खरिद गरेको दिनमा वा खरिद गरेको मितिले १५ दिन भित्र सम्बन्धित उत्पादकको बैंक खातामा र कम भुक्तानी गरि सक्नु पर्नेछ ।

(२) सुचिकृत संस्थाले उपदफा (१) बमोजिम रकम भुक्तानी गरेको जानकारी रकम भुक्तानी गरेको उत्पादकको नाम थर ठेगाना, भुक्तानी गरिएको रकम तथा खाता रहेको बैंक तथा बैक खाता नम्बर, खरिद गरेको कृषि उपजको कुल परिमाण उल्लेख गरी महाशाखालाई समेत दिनुपर्नेछ । बिवरणहरु डिजिटल माध्यमबाट अपडेट गराउनु पर्नेछ ।

११. **अनुदान उपलब्ध गराउने** :

(१) दफा १० बमोजिम कृषि उपज खरिद गरेको रकम उत्पादकलाई भुक्तानी गरेको जानकारी महाशाखामा प्राप्त भएपछि सम्बन्धित वडाको सिफारिस तथा महाशाखाले सम्बन्धित उत्पादकले भुक्तानी पाए नपाएको एकिन गरी संकलन, भण्डारण, सुरक्षा र प्याकेजिंग लगायत खर्च व्यवस्थापनको लागि तोकिएको समर्थन मूल्यमा १० प्रतिशत थप गरी खरिद गरेको कृषि उपजको परिमाण बमोजिम हुन आउने अनुदान बापतको एकमुष्ठ रकम सम्बन्धित सूचिकृत संस्थाको बैंक खातामा जम्मा गर्नेछ ।

(२) कुनै कारणबस तोकिएको कृषि उपजको न्युनतमा समर्थन मूल्य भन्दा कम मूल्यमा बेच्नुपरेमा उत्पादकले तोकिएका मूल्य पाउने छन, उपभोक्ताले सस्तो पाउनेछन भने खरिद कर्ता सुचिकृत संस्थाले खरिद गरेपछि बजारमा बिकी गर्दा बिभिन्न

बजार मूल्यको औसत मूल्य कायम गरी खरिद र बिक्री मूल्यमा के कति कम हुन्छ सो बराबरको रकम सूचिकृत संस्थाको बैंक खातामा भुक्तानी गरिनेछ । सो को लागि खरिदकर्ताले बिक्री गरेको परिमाण, बिल र सो दिनको औसत मूल्य कायम गरेको संस्थाको निर्णय सहित महाशाखामा पेश गर्नुपर्नेछ ।

१२. **सूचिकृत संस्थाले पालन गर्नुपर्ने शर्तहरु :**

(१) सूचिकृत संस्थाले प्रचलित कानुन बमोजिम पालन गर्नुपर्ने शर्तको अतिरि क्त देहायका शर्तहरुको पालन गर्नुपर्ने छ ।

(क) निर्देशिका पालन गर्ने,

(ख) कृषि उपज खरिद, भण्डारण, बिक्री सम्बन्धी न्युनतम मापदण्डहरुको पालना गर्ने,

(ग) कृषकहरुलाई उपजहरुको भुक्तानी तोकिएकै समयमा उपलब्ध गराउनु पर्ने,

(घ) सूचिकृत संस्थाले मूल्य निर्धारण समिति बनाई दैनिक रुपमा खरिद गर्ने तथा बिक्री बितरण गर्ने मूल्य निर्णय गरी अपडेट गर्नुपर्दछ ।

(ङ) उत्पादक कृषकहरुलाई व्यवसायिक योजना बनाउन सहयोग गर्ने, बजारको माग बारेमा जानकारी गराउने, बिभिन्न कार्यलयको अनुदानमूलक कार्यक्रमको बारेमा किसानलाई जानकारी गराउने ।

(२) सूचिकृत संस्थाद्धारा गलत बिबरण खरिद बिक्री र मूल्यको अभिलेखिकरण गलत वा झुटा ठहरिएमा तथा खरिद गरेका कृषि उपजको परिमाण अनुसारको रकम यस निर्देशिकामा उल्लेख भएको अवधि भित्र उत्पादकलाई भुक्तानी नदिएमा प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ र कालो सूचिमा राखी सूचिकृत लिष्टबाट हटाइनेछ र अन्य सेवा सुविधा समेत उपलब्ध गराइने छैन ।

१३. **उत्पादकले पालन गर्नुपर्ने शर्तहरु :** उत्पादकले निर्देशिका पालन गर्नुपर्नेछ साथै देहायका शर्तहरु पालन गर्नुपर्नेछ ।

(क) उत्पादन गरिएका कृषि उपजहरु स्वस्थ, गुणस्तरीय हुनुपर्दछ । सकेसम्म ग्रेडिंग गरेर मात्र बजारमा पठाउनुपर्दछ । बिषादी प्रयोग गरेको भए पर्खनुपर्ने समय कुरेर मात्र बाली टिपेको हुनुपर्दछ। गुणस्तरहीन बस्तु वा कम गुणस्तरको बस्तु बिक्रीको लागि ल्याएमा खरिद कर्ताले खरिद गर्न बाध्य हुने छैनन ।

(ख) उत्पादकहरु महाशाखामा आफ्नो बार्षक उत्पादन योजना सहित सूचिकृत हुनु पर्दछ साथै सम्बन्धित खरिद गर्ने संस्था आफनो उत्पादन सहित आवेदन दिनुपर्दछ ।

(ग) उत्पादकले ढाँटछल गरी अन्य क्षेत्रको उत्पादन आफ्नो भनी बिक्री गरेमा वा परीक्षण गर्दा गुणस्तरहीन वा कम गुणस्तरको उत्पादन भेटिएमा त्यस्ता कृषकलाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ र कालो सूचिमा राखी सूचिकृत लिष्टबाट हटाइनेछ र अन्य सेवा सुविधा समेत उपलब्ध गराइने छैन ।

१४. **कृषि उपज खरिदको लागि बजेट व्यवस्थापन :** कृषकहरुको कृषि उपज खरिदको लागि आवश्यक बजेट खरिदकर्ता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ भने न्युनतम समर्थन मूल्यमा खरिद गरेको आधारमा दिइने प्रोत्साहन अनुदान र सूचिकृत संस्थाले खरिद पश्चात कम मूल्यमा बिक्री गर्नु परेमा दिइने क्षतिपूर्तिको रकम पोखरा महानगरपालिकाले व्यवस्था गर्नुपर्नेछ । यसरी खरिद गर्ने खरिदकर्ताको लागि आवश्यक भण्डार घर लगायतका पूर्वाधार, प्रशोधनका मेशिनरी उपकरणहरु खरिदमा महानगरपालिकाको कार्यक्रममा प्राथमिकता दिन सकिनेछ ।

१५. **विद्यमान संरचनाको उपयोग गर्न सकिने :**

(१) सूचिकृत संस्थाहरुले खरिद गरेको बस्तु संकलन, भण्डारणको लागि बिभिन्न स्थानमा निर्माण भएको संकलन केन्द्र, बजार

संरचना, गोदाम घर, कोल्ड रुम वा कोल्ड स्टोरको प्रयोग गर्न सकिनेछ ।

(२) सूचिकृत सहकारी संस्थाले खरिद गरेको कृषि उपज भण्डारण गर्दा गुणस्तरमा ह्रास नहुने गरी उपयुक्त तरिकाले भण्डारण गर्नुपर्नेछ । त्यसरी भण्डारण गरिएको स्थानको जानकारी महाशाखामा जानकारी दिनुपर्नेछ र भण्डारणको लागि सहजिकरण गर्नुपर्नेछ ।

**१६. निर्देशक समिति :**

(१) यस निर्देशिका बमोजिम संचालन हुने कृषि उपज खरिद कार्यक्रमको मार्ग निर्देशनको लागि महानगरपालिकामा देहाय बमोजिमको निर्देशक समिति रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख | संयोजक |
| (ख) उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) आर्थिक बिकास समिति संयोजक | सदस्य |
| (ङ) बित्त महाशाखा प्रमुख | सदस्य |
| (च) उद्योग बाणिज्य संघ अध्यक्ष | सदस्य |
| (छ) सहकारी संघ अध्यक्ष | सदस्य |
| (ज) कृषि महाशाखा प्रमुख | सदस्य सचिव |

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) न्युनतम समर्थन मूल्य कार्यन्वयनमा सहजिकरण गर्ने,

(ख) कृषि उपज उत्पादन क्षेत्रहरुको अनुगमन र समन्वय गर्ने,

(ग) खरिद गरिने कृषि उपजको गुणस्तर तथा खरिद कत( ालि खरिद गरेको कृषि उपज भण्डारणको सम्बन्धमा

आवश्यक निरिक्षण गर्ने वा गराउने व्यवस्था मिलाउने,

(घ) यस निर्देशिका बमोजिम संचालित कार्यक्रमहरुको अनुगमन गर्ने ।

(३) निर्देशक समितिले समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) निर्देशक समितिले आफ्नो बैठकको कार्यविधी आफै निर्धारण गर्न सक्नेछ ।

१७. **कार्यन्वयन समिति :**

(१) यस निर्देशिका बमोजिम संचालन हुने कृषि उपज खरिदको कार्यमा सहयोग, समन्वय तथा सहजीकरणका लागि देहाय बमोजिमको कार्यन्वयन समिति रहनेछ ।

(क) प्रमुख आर्थिक बिकास महाशाखा संयोजक

(ख) कार्यपालिकाको आर्थिक बिकास समिति सदस्य २ जना सदस्य

(ग) सहकारी शाखा, उद्योग शाखा, पशु सेवा शाखा प्रमुख सदस्य

(घ) सूचिकृत संस्थाहरुमध्येबाट सबै क्षेत्र पर्ने गरी निर्देशक समितिले तोकेका ३ जना सदस्य

(ङ) कृषि संजाल प्रतिनिधी (कृषि तथा पशु पालनमा संलग्न) २ जना सदस्य

(च) कृषि विकास शाखा प्रमुख सदस्य सचिव

(२) उपदफा बमोजिको कार्यन्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सूचिकृत संस्था र उत्पादकका बीचमा खरिद बिकी र र कम भुक्तानी सम्बन्धमा सहजीकरण तथा समन्वय गर्ने

(ख) न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरिद बिकी भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने

(ग) खरिद गरिने कृषि उपजको गुणस्तर तथा खरिदकर्ताले गरेको भण्डारण स्थलको आवश्यक निरिक्षण गर्ने वा गराउने

(३) उपदफा (१) बमोजिमको कार्यन्वयन समितिको बैठकमा सो समितिले आवश्यकता अनुसार सम्बन्धित बिषयका बढीमा दूई जना विज्ञलाई आमन्त्रित गर्न सक्नेछन् ।

(४) उपदफा (१) बमोजिमको कार्यन्वयन समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१८. **बाधा अड्काउ फुकाउः** यो कार्यविधि कार्यान्वयनमा बाधा परेमा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**प्रकाशन मिति : २०७८ माघ २६ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**